मेचीनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इटाभट्टा, झापा,
कोशी प्रदेश, नेपाल


प.स. ०८२/०८३

च.न. ८९३१

मिति: २०८३/०३/२४

## आ.व. २०८२/०८३ को सम्पति विवरण बुझाउने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०८३/०३/२४

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दूरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३१'क' को उपदफा (१) र निजामती सेवा नियमावली २०५० को नियम ११८(१) बमोजिम कार्यरत प्रत्येक राष्ट्रसेवक कर्मचारी, नव नियुक्त कर्मचारी र आ.व. २०८२/०८३ मा सेवा निवृत्त भएका कर्मचारी तथा जनप्रतिनिधि समेतले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो सम्पति विवरण आफै तथा सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) तथा प्रदेश निजामती किताबखानामा दर्ता गर्नु पर्ने दायित्व सम्बन्धित कर्मचारीको हुने व्यवस्था भएकोले कानूनले तोकेको समय भित्र सम्पति विवरण बुझाउन सम्बन्धित सबैलाई सुचित गरिन्छ । थप सूचनाको लागि यसै सूचना साँथ संलग्न मिति २०८३/०३/२४ को राष्ट्रिय किताबखाना (निजामती) को यो सूचना समेत हेर्नुहुन अनुरोध छ ।

०३/२४

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर

# आ.व. २०८२/८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८३/०३/२४

**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१'क' को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामती कर्मचारी र आ.व.२०८२।८३ मा सेवा निवृत्त भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएकोले कानूनले तोकेको समय सिमाभित्र सम्पत्ति विवरण बुझाउन सबै निजामती कर्मचारीलाई अनुरोध गरिन्छ।**

(१) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फाराम भरी **४x९ ईन्चको खाम** बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

आ.व. २०८२/८३ को सम्पत्ति विवरण

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बरः | ङ. श्रेणी/तहः |
| ख. नाम, थरः | च. कार्यरत कार्यालयः |
| ग. पद/दर्जाः | छ. मोबाइल नं. |
| घ. सेवा/समूहः | ज. ई–मेल ठेगानाः |
| नोटः साविकको पद र संकेत नं (दुई वा सो भन्दा बढी क.स.नं भएको हकमा): | |

(२) सम्पत्ति विवरण बुझाउँदा नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम तत् तत् निकायका पदाधिकारी/कर्मचारीहरुले सोही सूचनामा तोकेको तत् तत् निकायमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(३) साबिकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा **समायोजन भएका सरकारी कर्मचारीहरुले** साबिक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(४) लोक सेवा आयोगबाट **आ.व. २०७५/७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन** अनुसार सिफारिस भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरुले स्थानीय तह मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(५) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका **अन्य सेवाका कर्मचारीहरूले– कर्मचारी** संकेत नम्बर प्राप्त गरेका वा संकेत नम्बर प्राप्त नगरेको भएता पनि आफू कार्यरत कार्यालय मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(६) **बुँदा नं. २,४ र ५** बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका,, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा बुझाएका सम्पत्ति विवरणहरुको अभिलेख तत् तत् निकायले राखि सम्पत्ति विवरण बन्दी खामहरु ३० दिन भित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरी सक्नुपर्ने र प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन ,गर्नुपर्ने छ भन्ने व्यवस्था बमोजिम सम्पत्ति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(७) अध्ययन,असाधारण र अन्य विदा, तालिम, काज वा निलम्वनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ । तर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा (२) को विषेश कारण परेमा सो उल्लेख गरी कार्यालयको सिफारिस सहित निवेदन दिएमा थप ३० दिन भित्र म्याद थपका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (२क) बमोजिम सम्पत्ति विवरण दर्ता गर्न सकिनेछ ।

(८) निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोले सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम् (व्यक्तिगत रुपमा) सम्पत्ति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानु नपर्ने गरी आफू कार्यरत कार्यालयमा यथाशिघ्र बुझ्ने बुझाउने व्यवस्था गरी सम्बन्धित कार्यालयबाटै एकमुष्ट रुपमा २०८३ साल साउन १ गते देखि ऐ. साल भाद्र २९ गते भित्र नै अनिवार्य रुपमा राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त हुनेगरी छिटो माध्यमबाट पठाउनु पर्नेछ ।

(९) हुलाक वा अन्य माध्यम मार्फत् तोकिएको अवधिभित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त भएको सम्पत्ति विवरणहरु PIS मा प्रबिष्टि गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन र **तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेबकलाई १०,००० (दश हजार) जरीवाना हुने ब्यहोरा समेत जानकारी गराईन्छ ।**

***नोटः-सूचनाको बुदा नं.२ बमोजिमको राजपत्र यसै विभागको website मा upload गरीएकोले हेर्न र पढ्न सकिनेछ ।***

महानिर्देशक